**प्रस्तावहरू**

१. खर्च अनुमोदन

२. फरफारक ।

३. होडिङ्ग बोर्डको न्यूनतम अंक तोक्ने ।

४. सडक बोर्डको योजना ।

५. **विविध** :

क) नियमावली तथा कार्यविधि स्वीकृती ।

ख) घरहरूको अभिलेखीकरणको म्याद थप ।

ग) मन्दिर मर्मत सुधारका लागि मर्मत खर्च सम्बन्धमा ।

**निर्णयहरू** :

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको हालै सम्पन्न दक्षिण कोरियाको भ्रमणमा दोभाषेका रूपमा सहभागी हुनु भएका धुनपा निवासी दयासागर श्रेष्ठको उक्त कार्यमा जाँदा भएको हवाई खर्च रू.१,५६,०००।- समर्थन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा यस नगरपालिकाबाट ठेक्का बन्दोबस्त र उपभोक्ता समितिबाट संचालित निम्न योजना कार्य सम्पन्न भई योजना फरफारक समितिबाट फरफारक लागि सिफारिश भएकोमा उल्लेखित योजनाको फरफारक गरी मूल्याङ्कित रकमका आधारमा भुक्तानी दिन बाँकी रकम सम्बन्धित निर्माण व्यवसायी र उपभोक्ता समितिलाई दिने निर्णय गरियो ।

| योजनाको नाम | ल.ई. | विनियोजन | कैफियत |
|---|---|---|---|
| न.पा. कार्यालय भवन निर्माण | रू. ८७,८८,५९६।३८ भ्याट सहित | रू. ८७,८८,५९६।३८ (सम्झौता रकम) | युनिभर्सल निर्माण सेवा (निर्माण व्यवसायी) |
| पनौती खोपासी सडक मर्मत | रू.१२,१७,६०९।७२ | १०,००,०००।- | उ.स.अ. कलदास वतास |

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा राखिने होर्डिङ्ग (विज्ञापन) बोर्डको सम्झौता अवधि समाप्त भईसकेकोले उक्त कार्यको न्यूनतम अंक रू. २,५०,०००।- (भ्याट बाहेक बार्षिक) कायम गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा सडक बोर्ड नेपालसंगको साझेदारीमा संचालन गर्न चालु बर्षका लागि "टौखाल शंखेल सडक मर्मत योजना" छनौट गर्ने निर्णय गरियो ।

**५. बिबिध** :

क) नगर कार्यपालिकाको मिति ०७६।०७।२५ को निर्णयानुसार विधायन समितिमा सैद्धान्तिक छलफल एवं सहमतिका लागि पठाइएको पनौती नगरपालिकाको जग्गा विकास निर्देशिका २०७६, नगर प्रहरी संचालन तथा ब्यवस्थापन कार्यविधि २०७६ र जलश्रोत उपयोग नियमावली २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

ख) नगर कार्यपालिकाको मिति २०७६।०५।०५ को निर्णय नं. ५ को (क) बमोजिम तोकिएको म्याद समाप्त भएकोमा कतिपय घरहरूको अभिलेखिकरण बाँकी भई म्याद थपका लागि सर्वसाधारणबाट अनुरोध भई आएकोमा नगर कार्यपालिकाको कार्यालयबाट यस सम्बन्धमा प्रकाशित सूचना बमोजिम म्याद सकिएको मितिबाटै लागु हुने गरि पूनः ४ महिना समय थप गर्ने निर्णय गरियो ।

ग) श्री कृष्ण बिष्णु मन्दिर निर्माण उपभोक्ता समिति पनौती-१० लाई मन्दिर निर्माण मर्मत सुधार र संरक्षणका लागि उक्त उपभोक्ता समितिलाई रू. १ लाख मर्मत संभार खर्च शिर्षकबाट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

हरि प्रसाद ...

प्रमुख प्रशासकीय अधिकृत